नगर कार्यपालिकाको कार्यालय
काभ्रे
२०७३

कार्यपालिका बैठक नं ४३

<u>निर्णयहरु</u>

निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

चालु आर्थिक बर्ष २०८१।८२ को दोस्रो चौमासिक अवधिसम्मको पालिकाको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । साथै बार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन सम्वन्धमा विषयगत क्षेत्र तर्फका आयोजना कार्यक्रमहरुको भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गरियो ।-

| क.स. | शिर्षक | आ.ब. ०८१/०८२ को स्वीकृत बार्षिक बजेट | आ.ब.०८१/०८२ को हाल सम्मको | | | |
|---|---|---|---|---|---|---|
| | | | प्राप्त आय | यथार्थ खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत |
| १ | संघीय वित्तिय समानीकरण अनुदान | १०८९००००० | ७७४०६१२० | ३६१२८४४७.२० | ३३.१७% | |
| २ | प्रदेश वित्तिय समानीकरण अनुदान | १४५४६००० | १०९०९५०० | ५३६७०२५ | ३६.८९% | |
| ३ | संघीय शसर्त अनुदान चालु | ३९०१६५००० | २५६५७१९०० | १८२०८११३८ | ४६.६६ | |
| ४ | संघीय शसर्त अनुदान पूजिगत | १९८००००० | १०५२७००० | २५०३७९ | १.२६% | |

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | संघीय विषेश अनुदान | - | - | - | - | |
| ६ | संघीय समपुरक अनुदान | १००००००० | - | - | -- | |
| ७ | संघीय राजश्व बाँडफाड | १०५७०००००० | ५७३४६८८५ | ४९५१९८५८ | ४६.८४% | |
| ८ | प्रदेश राजश्व बाँडफाड | ८२११००० | ४४०७५०५ | १८८३६८८ | २२.९४% | |
| ९ | प्रदेश समपुरक अनुदान | १०००००००० | ५०००००० | १०००००० | १०% | |
| १० | प्रदेश विषेश अनुदान | - | - | - | - | |
| ११ | प्रदेश शसर्त अनुदान | - | - | - | - | |
| १२ | सडक बोर्ड नेपाल | ५०००००० | ४७००००० | - | - | |
| १३ | गत आ.ब.को अ.ल्या | ४९६३१२२४ | ४८६३१२२४ | १८६६५१०३ | २९.९९% | |
| १४ | आन्तरिक आय | १३६००००० | ५६०८८७६ | | | ४१.२४ % |
| १५ | जम्मा कुल बजेट | ७३४५५३२२४ | ४७०८०७१३५ | २९४८९५६४० | ४०.१४% | |
| १६ | चालु बजेट | ५०५९६९०१२ | | २४६१५५९९१ | ४८.६५% | |
| १७ | पूजिगत बजेट | २२८५८४२११ | | ४८७३९६४९ | २१% | |

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

विषयगत क्षेत्र योजना तथा कार्यक्रम संख्या

| सि.न. | विषयगत क्षेत्र | योजना तथा कार्यक्रम संख्या | | | विनियोजित बजेट | खर्च प्रतिशत | भौतिक प्रगती |
|---|---|---|---|---|---|---|---|
| | | निशर्त | शसर्त | जम्मा संख्या | | | |
| १ | पूर्वाधार विकास | १८५ | ५ | १९० | १३०८६९९६४ | १९.५९ | ७५% |
| २ | आर्थिक विकास | ६० | १८ | ७८ | २४४९६८३३ | ३१.६७ | ५०% |
| ३ | सामाजिक विकास | १७७ | ३६ | २१३ | ७०८५५७६७ | २९.१३ | |
| ४ | वन वातावरण र विपद व्यवस्थापन | १९ | - | १९ | ५२५०००० | १३.२२ | |
| ५ | सुशासन तथा संस्थागत विकास | २२ | | २२ | ४७५०००० | १४.९१ | |
| | कूल जम्मा | ४६३ | ५९ | ५२२ | २३६२२२५६४ | २१.७ (औषत) | |

निर्णय नं ३

आर्थिक बर्ष २०८२/०८३ का लागि गण्डकी प्रदेश सरकार समक्ष गण्डकी प्रदेश नीति तथा योजना आयोग मार्फत ३८ औं कार्यपालिका बैठकबाट साविकमा निर्णय भएकोमा निम्नानुसारको आयोजना तथा कार्यक्रम प्रदेश समपुरक तथा प्रदेश विशेष अनुदानका लागि प्राथमिकता साथ प्रस्ताव माग गरी पठाउने निर्णय गरियो ।

| क्र स | योजनाको नाम समपुरक तर्फ | कैफियत |
|---|---|---|
| १ | न्वारढिक धुल्लु विहारथला सडक | प्रदेश समपुरक |
| २ | कुश्मीसेरा सुन्तलाचौर गाँजादह सडक | प्रदेश समपुरक |
| ३ | जैमिनीधाम पर्यटकीय पूर्वाधार विकास | प्रदेश समपुरक |
| | योजनाको नाम विशेष तर्फ | |

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १ | वडा नं ३ को स्वास्थ्य चौकी भवन सहितको पुर्वाधार स्थापना | प्रदेश विशेष |
| २ | जैमिनी नगरपालिका वालमैत्री पूर्वाधार (सिकाइ सहितको बाल उद्यान पूर्रवाधार) निर्माण | प्रदेश विशेष |
| ३ | जैमिनी नगरपालिका पोषण विशेष कार्यक्रम | प्रदेश विशेष |

निर्णय नं ४

चालु आर्थिक कर्ष २०८१।०८२ का लागि यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम तर्फको शिर्षक न २९२ को विक्री तथा कोशेली घर व्यवस्थापन तर्फको रु ३०००००। लाइ रुद्रताल सामजिक उद्यमी महिला सहकारी सस्था लि. लाइ प्रधानमन्त्री कृषि आधुनिकीरकण परियोजना संग भएको स्थानीय तहको लागत साझेदारीमा स्थानीय तहको कृषि उपजको संकलन भण्डारण प्राथमिकता प्रशोधन एवं बजरीकरण सहयोग संम्झौतामा साझेदारी गर्ने साथै तपशिलका योजनामा साझेदारी गर्ने न्रिर्णय गरियो ।

तपशिल

| क स | सडकको नाम | कैफियत |
|---|---|---|
| १ | रक्त सन्चार केन्द्र वागलुङ, सञ्चालन तथा व्यवस्थापन वागलुङ नपा साभदारी | ३०००००/- |
| २ | काभ्रे पाहाकोट खानेपानी तथा सरसफाइ आयोजना जैमिनी ७, (नेवा साझेदारी) | ७५०,०००/- |

निर्णय नं ५

क) चालु आर्थिक कर्ष २०८१।०८२ का लागि यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम देहायको सडकको मर्मत संभार गर्न उल्लेखित शिर्षकबाट रकम विनियोजन एवम कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय

| क स | सडकको नाम | रकम रु |
|---|---|---|
| १ | कुश्मीसेरा विनामारे अर्जेवा छिस्ती सडकको (मौलासा देखि वाँओ खण्ड) सडक मर्मत | १०००००/- |

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

ख) चालु आर्थिक कर्ष २०८१।०८२ का लागि यस नगरपालिकाबाट वर्षायाममा आकस्मिक रुपमा तत्काल मर्मत सम्भार सफाइ गरी खुलाइएका देहायका सडकको प्राविधिक कार्यसम्पादन प्रतिवेदन बमोजिमको रकम भुक्तानीका लागि देहाय बमोजिम रकम विनियोजन एवम भुक्तानी गर्ने निर्णय गरियो ।

देहाय

| क स | सडकको नाम | रकम रु |
|---|---|---|
| १ | कुश्मीसेरा सर्कुवा विनामारे अर्जेवा जैदी छिस्ती सडक सफाइ | १५१०००/- |
| २ | धुल्लु विहारथाला केवै सडक सफाइ. | १६५०००/- |
| ३ | जैमिनी नगरपालिका ३ नं वडा कार्यालय आलखोला देउरालीखानी सडक सफाइ | १५९०००/- |

निर्णय नं ६

यस नगरपालिका भित्र कालीगण्डकी नदि किनार क्षेत्रमा आ.व. २०८२/०८३ को ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासी दस्तुर कर संकलन ठेक्का ब्यवस्थापनका लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा यस कार्यालयबाट पूर्ववत स्वीकृत भएको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसाथ गर्दै वालमैत्री स्थानीय शासन घोषणाका लागि बालबालिकाको लागि आवधिक (आ.व. २०८१/०८२ देखि ०८६/०८७) (वडा नं १,२,३,४,६,८,९,१०) लगानी योजना तथा बालमैत्री स्थानीय शासन सम्बन्धी नगरस्तरीय वार्षिक लगानी योजना CFLG कार्यान्वयन सहजीकरण समिति मार्फत पेश भई आएकोले उल्लेखित लगानी योजना स्वीकृत गर्ने ।साथै लगानी योजना बमोजिम वडा तथा नगरपालिकाबाट हालसम्म भएका सबै कृयाकलाप यसै योजना बमोजिम भए गरेको मानी समर्थन गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

निर्णय नं ८

गण्डकी प्रदेश (स्थानीय सेवा गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) मा स्थानीय सेवाको अधिकृत तहको पदमा कार्यपालिकाले नियुक्ती गर्नेछ र त्यस्तो नियुक्तिको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली, २०८० को नियम २७ अनुसार यस नगरपालिकामा गण्डकी प्रदेश लोकसेवा आयोग पोखरा कार्यालयबाट विभिन्न मितिको पत्रानुसार सिफारिस भई नियुक्त हुन आउनु भएका देहाय बमोजिम अधिकृत (सातौं तह) तहमा नियुक्त हुने कर्मचारीहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

१) विज्ञापन नं. ७०३४/०८०-८१ (विपन्न खस आर्य) स्थानीय कृषि/ला.पो.डे.डे. सेवा/समूह, सातौं पशु अधिकृत पदमा- अच्युत आचार्य, कागेश्वरीमनहरा-६, काठ्माडौं , मिति २०८१।०१।०६ गतेदेखि लागू हुनेगरि नियुक्ति र पदस्थापन।

२) बढुवा सूचना नं ६०/२०८०-८१ (कार्यक्षमता), स्थानीय इन्जिनियरिङ सेवा सिभिल समुह इन्जिनयर सातौं -शिवराज बराल, तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका वडा नं ०९, गण्डकी प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ को दफा ४३ (२) बमोजिम जेष्ठता कायम हुने गरी र दफा १६ को उपदफा १ र ४ वमोजिम मिति २०८१।०४।१६ गते बढुवा नियुक्ति र पदस्थापन।

३) विज्ञापन नं ७००९।२०८१-०८२ (खुला) स्थानीय कृषि सेवा, सातौं तह. कृषि अधिकृत पदमा सिफारिस श्री सुवाश सापकोटा, बागलुङ नगरपालिका वडा नं. ०४, बागलुङ, प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराको मिति २०८१।१२।२० को पत्र संख्या ०८१।८२ च.नं. ७१८ को सिफारिस, मिति २०८१।१२।२७ लागू हुनेगरि नियुक्ति र पदस्थापन।

निर्णय नं ९

क) जैमिनी संस्कृत आधारभुत पाठशाला जैमिनीको आगामी शैक्षिक सत्रदेखी आधारभुत विद्यालय तहबाट माध्यामिक तहमा बृद्धि र कक्षा ८ बाट कक्षा ९ सम्म सन्चालन हुनेगरी शिक्षा समितिको सिफारिश बमोजिम अनुमति दिने निर्णय गरियो ।

ख) नगरपालिकाको चालु आ.व. २०८१।८२ को *एक विद्यालय एक उत्पादन कार्यक्रम* रु *१५००००/-* कार्यक्रम सन्चालनको लागि सर्वोदय मा.वि. विनामारेलाइ प्रदान गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

निर्णय नं १०

जिल्ला प्रशासन कार्यालय, बागलुङको च.नं. २१६४, मिति २०८१।१२।१९ गतेको पत्रबाट जैमिनी नगरपालिका वडा नं १० स्थायी ठेगना निवासी तलविर थापा र गौरी थापको छोराहरु इन्द्र बहादुर थापा र राम बहादुर थापालाइ बंशजको आधारमा नेपाली नागरिकता प्रदान हुन १० नं वडा कार्यालय, वडा समितिको सिफारिश बमोजिम जिल्ला प्रशासन कार्यालय, बागलुङमा सिफारिश गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत